यो आकाशवाणी गान्तोक हो।

29-03-2026 18:40

1. प्रधानमन्त्री नरेन्द्र मोदीले आज मनकी बात कार्यक्रमको **एक सय बतिस औँ** शृङ्खला मार्फत विश्वव्यापी ऊर्जा संकटप्रति चिन्ता व्यक्त गर्दै भारतले यस चुनौतीको दृढतापूर्वक सामना गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।
देशवासीलाई सम्बोधन गर्दै प्रधानमन्त्री श्री मोदीले पश्चिम एसियामा जारी तनावका कारण विश्वभर पेट्रोलियम पदार्थको संकट बढ्दै गएकोमा ध्यानाकर्षण गराउनुभयो । भारतको ऊर्जा आवश्यकताको ठूलो हिस्सा सोही क्षेत्रमा निर्भर रहे पनि विगत एक दशकको सामर्थ्य र अन्तर्राष्ट्रिय सम्बन्धका कारण भारतले यस संकटबाट पार पाउने उहाँले बताउनु भयो । उहाँले खाडी देशमा रहेका १ करोडभन्दा बढी भारतीयको सहयोगका लागि ती राष्ट्रहरूलाई धन्यवाद दिँदै यो विषय राष्ट्रिय हितसँग जोडिएकाले यसमा राजनीति नगर्न आग्रह गर्नुभयो ।
यसैगरी प्रधानमन्त्रीले प्राचीन पाण्डुलिपिहरूको संरक्षणका लागि जारी 'ज्ञान भारतम्' सर्वेक्षणको चर्चा गर्दै देशभरका अमूल्य पाण्डुलिपिहरू 'ज्ञान भारतम् एप' मा साझा गर्न अपिल गर्नुभयो । उहाँले अरुणाचलदेखि लद्दाखसम्म प्राप्त भएका विभिन्न लिपि र ताम्रपत्रका जानकारीहरूले भारतको गौरवशाली इतिहास झल्काउने बताउनुभयो ।

2. सिक्किम सरकारले पश्चिम सिक्किमस्थित चेवाभञ्ज्याङलाई भारत–नेपाल सीमा व्यापार मार्गको रूपमा आधिकारिक रूपमा खोल्न सक्रिय रूपमा पहल गरिरहेको जनाएको छ। यसले पूर्व सिक्किमको नथुला पास मार्फत चीनसँग हुने व्यापारलाई सहयोग गर्ने अपेक्षा गरिएको छ, जुन सन् दुई हजार छब्बिसको जुन महिनादेखि पुनः सञ्चालनमा आउने तयारीमा छ। मुख्यमन्त्री प्रेम सिंह तामाङले केन्द्र सरकारसँग चेवाभञ्ज्याङ पासलाई औपचारिक रूपमा खुला गर्न निरन्तर आग्रह गर्दै आएको बताउनुभयो। उहाँका अनुसार यस सम्बन्धमा आवश्यक कार्यहरू अघि बढिरहेका छन् र केन्द्र सरकारका अधिकारीहरूले उक्त क्षेत्रको निरीक्षणसमेत गरिसकेका छन्। मुख्यमन्त्रीले यो कुरा बिहीबार आयोजित एकदिने सिक्किम विधानसभाको अधिवेशनलाई सम्बोधन गर्ने क्रममा व्यक्त गर्नुभएको हो।

3. राष्ट्रिय कार्यकारी समिति समन्वय बैठक आज नयाँ दिल्लीमा सम्पन्न भएको छ। उक्त बैठकको अध्यक्षता पूर्व केन्द्रीय मन्त्री तथा सांसद एवं एस.सी/एस.टी कल्याण समिति अध्यक्ष श्री फग्गन सिंह कुलस्तेले गर्नुभएको थियो। अखिल भारतीय आदिवासी विकास परिषद्का राष्ट्रिय संयुक्त सचिव श्री छेरिङ वाङ्चुक लेप्चाले, सिक्किम सरकारले भोटिया, लेप्चा र लिम्बु भाषालाई संविधानको आठौँ अनुसूचीमा समावेश गर्ने सम्बन्धमा मन्त्रिपरिषद्को निर्णय पारित गरेको जानकारी दिनुभयो । यसै क्रममा, श्री लेप्चाले सिक्किम लेप्चा युवा संघको तर्फबाट लेप्चा भाषालाई संविधानको आठौँ अनुसूचीमा समावेश गर्नुपर्ने मागसहितको ज्ञापनपत्र अध्यक्ष **श्री फग्गन सिंह कुलस्तेलाई** बुझाउनुभयो।

4. आज बिहान आठ बजेर चवालिस मिनेट अठतीस सेकेन्डमा नाम्ची क्षेत्रमा चार दशमलव दुई **रेक्टरस्केल**को भूकम्प गएको छ। हालसम्म कुनै पनि मानवीय क्षति वा भौतिक नोक्सानीको जानकारी प्राप्त भएको छैन। सम्बन्धित निकायहरूले स्थिति सामान्य रहेको जनाएका छन् र नागरिकहरूलाई सतर्क रहन अनुरोध गरिएको छ।

5. उत्तराखण्ड सरकारको सहकारी विभागको एक प्रतिनिधिमण्डललाई सिक्किम सहकारी विभागले हार्दिक स्वागत गरेको छ। उक्त प्रतिनिधिमण्डलको नेतृत्व सचिव डा. अहमद इकबाल (आई.ए.एस) ले गर्नुभएको छ जसमा सहकारी विभागका दश जना अधिकारीहरू पनि सहभागी रहेका छन्। यस भ्रमणको मुख्य उद्देश्य सिक्किममा रहेका सहकारी संरचना तथा संस्थागत अभ्यासबारे जानकारी हासिल गर्नुका साथै विशेषगरी राज्यमा जैविक कृषि सन्दर्भमा सहकारी संस्थाहरूको कार्यप्रणाली अवलोकन गर्नु रहेको जनाइएको छ।

6. सिक्किम सरकारको पर्यावरण, वन तथा जलवायु परिवर्तन विभागको तत्वावधानमा राजधानी गान्तोकमा वन डढेलो रोकथाम र न्यूनीकरण रणनीतिसम्बन्धी क्षेत्रीय कार्यशाला सम्पन्न भएको छ। कार्यक्रम भारतीय वन व्यवस्थापन संस्थान (IIFM) र सिक्किम वन विभागको समन्वयमा आयोजना गरिएको हो। कार्यक्रममा असम वन विभागका सीसीएफ तथा अग्नि प्रकोष्ठका नोडल अधिकारी राजेन्द्र गारावाड, एसएसडीएमएका निर्देशक प्रभाकर राई र IIFM का निर्देशक डा. के. रविचन्द्रणले वन डढेलो व्यवस्थापनका विविध पक्षहरूबारे प्रकाश पारे। प्रमुख अतिथि पीसीसीएफ एवं प्रधान सचिव डा. प्रदीप कुमारले यस्ता कार्यशालाले डढेलो नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्ने बताए।
तकनीकी सत्रमा कर्मा लिगासे र क्षितिज सक्सेनाले राज्यस्तरीय तयारी तथा संस्थागत रणनीतिबारे प्रस्तुति दिएका थिए।